एम्नेस्टी इन्टरनेसनल

# प्रेस विज्ञप्ति

*सोमबार, १८ नोभेम्बर २०१३ को ००.०१ ए.एस.टी. (१७ नोभेम्बरको २१:०१ जीएमटी) सम्मका लागि सख्त इम्बार्गो*

## कतार : कर्पोरेटहरुबाट निर्माणक्षेत्रका आप्रवासी श्रमिकहरुमाथि हुने शोषण अन्त्य गरियोस् ।

एम्नेस्टी इन्टरनेसनलको एक नयाँ प्रतिवेदनमा कतारको निर्माणक्षेत्रमा व्यापक मात्रामा ज्यादती हुने गरेको र करोडौँ डलरको लगानीमा सञ्चालित परियोजनाहरुमा कार्यरत श्रमिकहरु उपर गम्भीर प्रकृतिका शोषणहरु भैरहेको उल्लेख गरिएको छ ।

सन् २०२२ को फिफा वर्ल्डकप खेलिने स्टेडियमहरुको निर्माण सुरु भैरहेको बेला सार्वजनिक भएको एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन **"आप्रवासनको अँध्यारो पक्ष : वर्ल्डकप अगाडिको कतारको निर्माण क्षेत्रको अवस्था"** (The Dark Side of Migration: Spotlight on Qatar's construction sector ahead of the World Cup) विषयक प्रतिवेदनले करारको कठिन सञ्जाल तथा आप्रवासी श्रमिकहरुमाथि व्यापक र दैनिक रुपमा हुने गरेका ज्यादतीहरुका बारेमा उल्लेख गरेको छ । साथै प्रतिवेदनले केही घटनाहरुमा श्रमिकहरु उपर जबर्जस्ती श्रम सम्मको ज्यादती भएको कुरालाई पनि उजागर गरेको छ ।

"विश्वको सबैभन्दा धनी देशमध्येको एकमा ठूलो संख्याका आप्रवासी श्रमिकहरुलाई निर्दयी तवरले शोषण गरिनु, पारीश्रमिक भुक्तानी नदिनु र बाँच्नका लागि संघर्ष गर्नुपर्ने अवस्थामा पुर्‍याइनु सरासर अस्वीकार्य कुरा हो", एम्नेस्टी इन्टरनेसनलका महासचिव सलिल सेट्टीले भन्नुभयो ।

"निर्माण कम्पनीहरु र कतारी अधिकारीहरु उल्टै आप्रवासी श्रमिकहरुलाई असफल बनाउँदैछन् । कतारका रोजगारदाताले आप्रवासी श्रमिकहरुको आधारभूत मानवअधिकारप्रति कहालीलाग्दो तवरले अनादर प्रदर्शन गरेका छन् । धेरै रोजगारदाताहरुले सहनशीलताको वातावरण र श्रमिकहरुलाई संरक्षण प्रदान गर्ने संयन्त्रहरुको कार्यान्वयन पक्षको कमजोरीको फाइदा उठाउँदै निर्माणक्षेत्रका श्रमिकहरु माथि शोषण गरिरहेका छन् ।"

कतारमा निर्माणक्षेत्रका आप्रवासी श्रमिकहरु खासगरी ठूला कम्पनीका सब-कन्ट्रयाक्टरका रुपमा कार्यरत साना र मझौला परियोजनाहरुमा काम गर्दछन् । त्यस्ता ठूला कम्पनीहरु आफ्ना सब कन्ट्रयाक्टरका हातबाट श्रमिकहरु शोषणमा नपरुन् भनेर सुनिश्चित गर्न विफल भएका धेरै उदाहरणहरु छन् ।

"कम्पनीहरुले आफू मातहतमा सञ्चालित निर्माण परियोजनामा कार्यरत आप्रवासी श्रमिकहरु उपर कुनै पनि प्रकारको ज्यादती नहुने कुरा सुनिश्चित गर्नु पर्दछ । कुनै घटना भएर आफ्नो जानकारीमा आइसके पछि कारवाही गर्ने मात्र नभई घटना नै हुन नदिनका लागि त्यस्ता कम्पनीहरु सक्रिय हुन जरुरी छ । कुनै पनि प्रकारले गरिने शोषणका घटनामा किमार्थ आँखा चिम्लनु हुँदैन र खासगरी जुन घटनाका कारण कसैको जीवन र जीवन निर्वाहको आधार नै भताभुङ्ग हुन्छ भने त्यस्ता घटनालाई बेवास्ता गरिने कार्य कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन", सलिल सेट्टीले भन्नुभयो ।

श्रमिक, रोजगारदाता तथा सरकारी अधिकारीहरुसँग गरिएको अन्तर्वार्ताका आधारमा तयार गरिएको यस प्रतिवेदनमा आप्रवासी श्रमिकहरुमाथि भएका कयौँ प्रकारका ज्यादतीहरुका बारेमा उल्लेख गरिएको छ । यस्ता ज्यादतीहरुमा पारिश्रमिक नदिइने, दयनीय तथा जोखिमपूर्ण कार्यस्थलको अवस्था, र आवासको दुरावस्था लगायत रहेका छन् ।

एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले निर्माणक्षेत्रमा कार्य गर्ने दर्जनौं त्यस्ता आप्रवासी श्रमिकहरुलाई पनि भेटेको थियो जसलाई तिनका रोजगारदाताले महिनौंदेखि स्वदेश फर्कनबाट रोकेका थिए र कतारबाट बाहिरीनका लागि कुनै विकल्प नदिई त्यहीँ बन्द अवस्थामा राखेका थिए ।

“विश्वकप २०२२ को आयोजक भएको कारणले संसारभरको ध्यान निरन्तर रुपमा कतारतर्फ केन्द्रीत हुनेछ । यसका कारणबाट कतार सरकारलाई मानअधिकारप्रतिको आफ्नो प्रतिवद्धता विश्वसामु दर्शाउन विशेष मौका प्राप्त हुनेछ र उसले खाडी क्षेत्रको एक उदाहरणीय देशका रुपमा आफूलाई स्थापित गर्न सक्नेछ”, सलिल सेट्टीले भन्नुभयो ।

कतार सरकारबाट गरिएका व्यवस्थाहरु आप्रवासी श्रमिकहरुको संरक्षणका लागि अपर्याप्त भएको कुरा एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानबाट देखिएको छ । कयौं रोजगारदाताहरुले त्यहाँको श्रम कानुनको निरन्तर उल्लङ्घन गरिरहेका छन् । एम्नेस्टी इन्टरनेसनल कतार सरकारलाई विद्यमान कानुनी प्रावधानहरु कार्यान्वयन गर्न आह्वान गर्दछ । त्यसैगरी रोजगारदाताको अनुमति बेगर आप्रवासी श्रमिकले स्वदेश फर्कन वा काम परिवर्तन नपाउने प्रावधान रहेको ‘स्पन्सरसीप’ प्रणालीलाई व्यापक रुपमा परिमार्जन गर्न पनि आह्वान गर्दछ ।

प्रतिवेदनले निर्माण उद्योगका केही प्रवन्धकहरु, जो श्रम मापदण्डको उल्लङ्घन गर्नुलाई सामान्य ठान्दछन्, उनीहरुको व्यवहारका बारेमा पनि उल्लेख गरेको छ । खासगरी दक्षिण वा दक्षिणपूर्वी एसियाबाट आउने आप्रवासी श्रमिकहरु उपर भेदभावपूर्ण दृष्टिकोण राखिनु कतारमा एक सामान्य कुरा हो । एउटा निर्माण कम्पनीको म्यानेजरले श्रमिकहरुलाई “जनावरहरु” भनेको एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले पनि सुनेका थिए ।

ज्यादतीमा परेका श्रमिकहरुमध्ये कतार पेट्रोलियम, हुन्डाई इ एण्ड सी र ओ.एच.एल कन्स्ट्रक्सन लगायतका अन्तर्राष्ट्रियस्तरका कम्पनीहरुका सब-कन्ट्र्याक्टरहरुका मातहतमा कार्यरत श्रमिकहरु पनि रहेको एम्नेस्टी इन्टरनेसनलले फेला पारेको छ ।

एम्नेस्टी इन्टरनेसनलले आफूले डकुमेन्टेड गरेका घटनाहरुका सम्बन्धमा धेरैवटा प्रमुख कम्पनीहरुसँग भेटघाट र सम्पर्क पनि गर्‍यो । ती मध्ये धेरैले एम्नेस्टी इन्टरनेसनलले संकलन गरेको जानकारीका बारेमा गम्भीर चासो व्यक्त गरे भने केहीले घटनाको बारेमा अनुसन्धान नै गरिएको बताए । एउटा कम्पनीले त एम्नेस्टी इन्टरनेसनलले गरेको अनुसन्धानका कारणले उसको अनुगमन प्रणालीलाई नै सुधारेको पनि बतायो ।

कतारमा विश्वकप २०२२ का लागि गरिने अत्यावश्यक निर्माण लगायतका अरु उच्च महत्वका निर्माण परियोजनाहरुको सञ्चालनका दौरान श्रमिकहरुमाथि हुने शोषणको मात्रा अझ बढ्न सक्ने कुरा अनुसन्धानबाट देखिएको छ ।

एउटा घटनामा त यस्तो पनि फेला पर्‍यो, जहाँ २०२२ को विश्वकपका दौरान फिफाको हेडक्वाटर्स राख्नका लागि गरिन लागेको निर्माण परियोजनामा महत्वपूर्ण सामग्री आपूर्ति गर्दै आएको कम्पनीमा कार्यरत श्रमिकहरुमाथि समेत गम्भीर प्रकृतिको ज्यादती भएको पाइयो ।

उक्त आपूर्तिकर्ताका लागि कार्यरत नेपाली आप्रवासी श्रमिकहरुले आफूहरु उपर “पशुको जस्तो व्यवहार गरिएको” बताए । ती श्रमिकहरु कतारको अचाक्ली गर्मी समेतका महिनाहरुमा दिनमा १२ घण्टा र हप्तामा सातै दिन काम गर्दथे ।

कतारमा भैरहेका ज्यादतीहरुको रोकथाम गर्ने विषयलाई आफ्नो प्राथमिकतामा राखी कतारी अधिकारीहरु र विश्वकप आयोजकहरुसँग सहकार्य गर्न एम्नेस्टी इन्टरनेसनल फिफालाई आह्वान गर्दछ ।

“हाम्रो अनुसन्धानले कतारको निर्माणक्षेत्रमा डरलाग्दो शोषणको अवस्था रहेको देखाएको छ । वर्ल्डकपसँग सम्बन्धित निर्माण परियोजनाहरुमा कुनै पनि प्रकारका मानवअधिकार ज्यादती भएमा त्यो आफूलाई स्वीकार्य हुँदैन भनी कडा सार्वजनिक सन्देश दिनु फिफाको एउटा दायित्व हो”, सलिल सेट्टीले भन्नुभयो ।

“निर्माण कार्यको गति बढ्दो मात्रामा रहेका कारण कतारले धेरैभन्दा धेरै आप्रवासी श्रमिकहरु भर्ना गरिरहेको छ, जसले गर्दा त्यहाँको जनसंख्या प्रतिघण्टा २० जनाका दरले बृद्धि भैरहेको छ । धेरै जना आप्रवासीहरु एउटा ठूलो आशा लिएर कतार आइपुग्दछन्, तर त्यहाँ पुगेको लगत्तै त्यो आशा निराशामा परिणत हुने गर्दछ । ढिलो गर्ने बेला छैन, त्यहाँ विद्यमान ज्यादती अन्त्यका लागि सरकारले तुरुन्त कार्य थालनी गर्नु पर्दछ ।”

प्रतिवेदनमा जबर्जस्ती श्रमको अवस्थासम्मका घटनाहरु समेटिएका छन् । एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका केही श्रमिकहरु आफ्नो सबैथोक समाप्त हुन्छ की भन्ने त्रासको बातावरणमा बाँचिरहेका थिए । उनीहरुलाई आर्थिक

जरिबाना तिराइने, डिपोर्ट गरिदिने वा रोजगारदाताले तलब नदिइएका कारण काममा नआउँदा पनि पहिलाको तलब समेत नदिइने जस्ता धम्कीहरु दिइएको थियो ।

बढ्दो ऋणको भार र घरमा रहेका आफ्नो परिवारलाई सहयोग गर्न असफल भएका धेरै आप्रवासी श्रमिकहरुले गम्भीर मानसिक तनावको सामना गर्दछन् । त्यसै कारणले गर्दा कतिले त आत्महत्याको प्रयास समेत गर्दछन् ।

"कृपया मलाई भनिदिनुहोस् न, यहाँबाट उम्कने कुनै उपाय छ? … हामी पूरै पागलै भैसक्यौँ", निर्माणक्षेत्रमा काम गर्ने एकजना नेपाली आप्रवासी श्रमिकले एम्नेस्टी इन्टरनेसनलसँग भने । उनलाई ७ महिनादेखि तलब पनि दिइएको थिएन र ३ महिनादेखि गरेको प्रयासका बाबजुद कतार छाड्नबाट पनि रोकिएको थियो ।

रोजगारदाताले श्रमिकहरुलाई देश छाड्ने अनुमति दिनका लागि गम्भीर तबरले ब्ल्याकमेल गरेका घटनाहरु पनि एम्नेस्टी इन्टरनेसनलले फेला पारेको छ । कतारबाट बाहिरीनका लागि आफ्नो पासपोर्ट फिर्ता पाउनका खातिर ११ जना श्रमिकहरुले सरकारी अधिकारीको सामु उपस्थित भई आफूले पाउँदै नपाएको भए पनि सबै तलब बुझिलिएँ भनी कागजमा सही गर्न वाध्य भएको घटना एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले प्रत्यक्ष देखेका थिए ।

धेरैजना श्रमिकहरुले कार्यस्थलमा स्वास्थ्य र सुरक्षाको मापदण्ड कमजोर रहेको बताए । केहीले आफूलाई साइटमा हेलमेटसम्म पनि उपलब्ध नगराउने गरिएको बताए । दोहाको प्रमुख अस्पतालका एकजना प्रतिनिधिले सन् २०१२ भर उचाईबाट खसेका १,००० भन्दा बढी श्रमिकहरु मानसिक विभागमा भर्ना भएको भनी यस वर्षको सुरुमा हामीलाई बताउनुभयो । ती मध्ये १० प्रतिशत अपाङ्गताको अवस्थामा पुगेका र त्यसरी खसेर मृत्युहुनेको संख्या पनि "उल्लेख्य" रह्यो ।

अनुसन्धानकर्ताहरुले आप्रवासी श्रमिकहरु दुर्गन्धित ठाउँमा बसोबास गर्ने गरेको, सुत्ने कोठा एअरकन्डिसन बिनाको र अति भीडभाडयुक्त भएको, फुटेका ढलहरु बगिरहेको र सेफ्टीट्यांकहरु खुल्लै रहेको पनि देखेका थिए । धेरैवटा आवासहरुमा बिजुली थिएन र एउटा ठूलो समूह बसोबास गर्ने आवासमा त पानीको आपूर्ति समेत नभएको अनुसन्धानकर्ताहरुले देखे ।

एम्नेस्टी इन्टरनेसनल कतार सरकारलाई खाडी क्षेत्रमै आप्रवासी श्रमिकहरुको अधिकार संरक्षण गर्ने मार्गको नेतृत्वदायी भूमिका खेल्न आह्वान गर्दछ ।

"स्थायी र दूरदर्शी प्रकृतिको प्रयासको थालनी तत्काल नगरिने हो भने कतारको सपना साकार पार्नका लागि आगामी वर्षहरुमा भर्ती गरिने लाखौं आप्रवासी श्रमिकहरु निरन्तर ज्यादतीको उच्च जोखिममा पर्नेछन्", सलिल सेट्टीले भन्नुभयो ।

## पृष्ठभूमि

अक्टोबर २०१२ र मार्च २०१३ गरी दुई पटक गरिएको कतारको भ्रमणका क्रममा एम्नेस्टी इन्टरनेसनलले १०१ वटा व्यक्तिगत समेत निर्माणक्षेत्रमा कार्य गर्ने कुल २१० जना आप्रवासी श्रमिकहरुसँग अन्तर्वार्ता लिएको थियो । अनुसन्धानका क्रममा निर्माण परियोजनामा संलग्न २२ वटा कम्पनीहरुसँग प्रत्यक्ष भेटघाट, टेलिफोन कुराकानी र पत्राचारको विधिबाट सम्पर्क गरिएको थियो । अनुसन्धानकर्ताहरुले परराष्ट्र, आन्तरिक मामिला र श्रम मन्त्रालय समेत गरी कतारका सरकारी निकायहरुसँग कम्तिमा पनि १४ पटक भेटघाट गरेका थिए ।

आप्रवासी श्रमिकहरुको श्रम शोषणका विरुद्ध एम्नेस्टी इन्टरनेसनलले गर्दै आएको कामका दरभियानमा यो प्रतिवेदन तयार गरिएको हो । यसअघि नेपालका वैदेशिक रोजगार कम्पनीहरुबाट हुँदै आएका ज्यादतीपूर्ण व्यवहारको बारेमा सन् २०११ मा संस्थाले **"झुटा बाचाहरुः नेपाली आप्रवासी श्रमिकहरुको शोषण र जबर्जस्ती श्रम"** *(False Promises: Exploitation and forced labour of Nepalese migrant workers)* विषयक प्रतिवेदन तयार गरेको थियो । उक्त प्रतिवेदनले शोषण र जबर्जस्ती श्रमका उद्देश्यले आप्रवासी श्रमिकहरुको खाडी मुलुकहरु र मलेसिया जस्ता देशमा बेचविखनसम्म गर्न वैदेशिक रोजगार कम्पनीहरुले धोकाधाणीपूर्ण व्यवहार गर्ने गरेको कुरा उल्लेख गर्दै नेपाली आप्रवासी श्रमिकहरुको संरक्षणको अवस्था सुधार्न नेपाल सरकारलाई आह्वान गरेको थियो ।

**थप जानकारी, अन्तर्वार्ता र इम्बार्गो सहितका मूल प्रतिवेदन लगायतका सामग्रीहरु प्राप्त गर्नका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोस् :**

Sara Hashash, MENA Press Officer on sara.hashash@amnesty.org, +44 (0)7831640170
Amnesty International Press Office on press@amnesty.org, +44 (0)207 413 5566